राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY




विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : २७५ ॥ २०८१ मंसिर १० गते सोमबार (25th Nov 2024 Monday) | Pratidin National Daily | मूल्य-रु.५/-

# स्वतन्त्र उम्मेद्वार ओलीले निर्वाचन जित्ने लगभग पक्का



झापा(प्रस) । एक सातापछि झापाको कन्काई- ६ मा हुन लागेको उपनिर्वाचनमा मुख्यगरी चारजना उम्मेद्वारबीच प्रतिष्पर्धा हुने भएको छ । तर,अहिलेको माहौल हेर्दा गत आवधिक निर्वाचनका उपविजेता स्वतन्त्र उम्मेद्वार लक्ष्मीप्रसाद ओलीले बाजी मार्ने देखिएको छ । २०७९ सालको स्थानीय तहको निर्वाचनमा कन्काई -६ मा एमालेका दीर्घबहादुर थापा ५०८ मत ल्याएर निर्वाचित हुँदा स्वतन्त्र उम्मेद् वारी दिएका ओलीले ४४० मत ल्याएका थिए । त्यसअघि २०७४ सालमा भएको निर्वाचनमा नेकपा एमालेका उम्मेद्वार इन्द्रप्रसाद नेपाललाई फराकिलो मतान्तरले पाखा लगाएर नेपाली काँग्रेसका तर्फबाट उम्मेद्वार बनेका ओली त्यस वडाको वडाध्यक्षमा विजयी बनेका थिए । २०७४ र २०७९ को निर्वाचनको परिणाम र अहिलेको माहौल हेर्दा स्वतन्त्र उम्मेद्वार ओली अरुको लागि भारी पर्ने भएका छन् । गत निर्वाचनमा उपविजेता बनेपनि यस पटक निर्वाचन जित्नेमा आफू ढुक्क रहेको घरदैलोमा व्यस्त ओलीले बताए । गत निर्वाचनमा विजयी उम्मेद्वार दीर्घबहादुर थापाले ५०८ मत ल्याएर जित हासिल गर्दा यस पटकको निर्वाचनमा विजयी हुने उम्मेद्वारले साढे ४ सयदेखि पाँच सयसम्म मत ल्याउने आकलन गरिएको छ । किनकि उम्मेद्वार बढेका छन् भने मतदाता घटेका छन् । जसका कारण मत बाँडिन्छ । आफूले साढे ४ सयदेखि पाँच सयसम्म मत ल्याएर जित हासिल गर्ने ओलीको दावी छ ।' मैले गत चुनावमा ४४० मत ल्याउँदै गर्दा मेरो ८२ मत बदर भएको थियो ' उनले भने,' यस पटक बदर मत धेरै नहोला अनि सबैको सहयोग छ त्यही भएर चुनाव जितिन्छ ।' अन्य सर्वेक्षण र माहौलले पनि त्यस्तै देखाएको छ । ओलीको प्रतिष्पर्धा नेकपा

❖ बाँकी अन्तिम पृष्ठमा

## उपनिर्वाचनमा सेना परिचालन गर्न राष्ट्रपतिको स्वीकृति

झापा(प्रस) । राष्ट्रपति रामचन्द्र पौडेलले स्थानीय तहको उपनिर्वाचनमा नेपाली सेना परिचालन गर्न स्वीकृति दिएका छन्। आगामी मंसिर १६ गते हुने उपनिर्वाचनलाई सुरक्षित, भयरहित, निष्पक्ष एवम् शान्तिपूर्ण रूपमा सम्पन्न गर्न मन्त्रिपरिषद्को सिफारिस अनुसार राष्ट्रपति पौडेलले स्वीकृति प्रदान गरेको राष्ट्रपति कार्यालयका प्रवक्ता शैलजा रेग्मी भट्टराईले जानकारी दिइन् । जारी विज्ञप्तिमा भनिएको छ,'सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले सम्वत् २०८१ साल मङ्सिर १६ गते हुने स्थानीय तहको उपनिर्वाचन, २०८१ सुरक्षित, भयरहित, निष्पक्ष एवम् शान्तिपूर्ण रूपमा सम्पन्न गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को मिति

❖ बाँकी अन्तिम पृष्ठमा

## मोटरसाइकल ग्यारेजमा आगलागी हुँदा १५ लाखको क्षति



झापा(प्रस) । बिर्तामोड नगरपालिका- ६ बुट्टावारी चौकस्थित एक मोटरसाइकल ग्यारेजमा आगलागी भएको छ । आशिष वनको घरको सटरमा अर्जुनधारा-११ बस्ने दिपक राजवंशीले भाडामा लिई सञ्चालन गरेको दिपक मोटरसाइकल वर्कसपमा आइतवार साँझ ६.४० बजे बिद्युत सर्ट भएर आगलागी भएको हो ।

घटनाको जानकारी प्राप्त हुनासाथ अस्थाई प्रहरी चौकी बुट्टावारी र इलाका प्रहरी कार्यालय बिर्तामोडबाट खटिएको प्रहरी टोली,स्थानीय, बिर्तामोड,भद्रपुर र मेचीनगर नगरपालिकाको दमकलको सहयोगमा साँझ ७:१५ बजे आगलागी पूर्णरुपमा नियन्त्रणमा आएको थियो । उक्त आगलागीबाट वर्कसपमा रहेको मर्मतको लागि राखिएको स्कुटर-१ थान,सुपर स्प्लेण्डर मोटरसाइकल-१थान,एयर कम्प्रेसर-१थान,मर्मतमा प्रयोग हुने बिभिन्न औजारहरु र उक्त कोठामा समेत क्षति भई अन्दाजी मूल्य रु.१५ लाख बराबरको क्षति भएको इलाका प्रहरी कार्यालय बिर्तामोडले जनाएको छ ।

## सवारी दुर्घटनामा परी गुरुङ दम्पतीको मृत्यु

झापा(प्रस) । इटहरीको बालग्राम चोकस्थित पूर्वपश्चिम राजमार्गमा भएको सवारी दुर्घटनामा एक दम्पतीको मृत्यु भएको छ ।
आइतबार दिउँसो इटहरी उपमहानगरपालिका-१६ बालग्राम चोकमा को ३६ प ५६३७ नम्बरको मोटरसाइकललाई विपरीत दिशातर्फ जाँदै गरेको सवारी साधनले ठक्कर दिँदा संखुवासभाको धर्मदेवी निवासी श्रीमान श्रीमतीको मृत्यु भएको हो । दुर्घटनामा मोटरसाइकल चालक धर्मदेबी नगरपालिका ३ बस्ने ३२ वर्षीय युवराज गुरुङ र उनकी श्रीमती टीका गुरुङको मृत्यु भएको प्रहरीले जनाएको छ । पहिचान खुलिनसकेको सवारीसाधनको ठक्करबाट उनीहरु गम्भीर घाइते भएका थिए । घाइते दुवैजनालाई उपचारका लागि धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुर्याउनसाथ मृत्यु भएको प्रहरीले जनाएको छ ।
स्थानीयका अनुसार म्याजिक भ्यान र टिपर ओभरटेक गर्नेक्रममा मोटरसाइकल उक्त दुई सवार ीसाधनको बिचमा चेप्टिएर दुर्घटनामा परेको हो । दुर्घटनास्थल छेउमै रहेको सीसी क्यामेरा बिग्रिएकोले कुन सवारीसाधनले मोटरसाइकललाई ठक्कर दिएको हो खुल्न नसकेको प्रहरीले जनाएको छ । दुर्घटनास्थल आसपासमा रहेको अन्य सीसी क्यामेराको सहयोगमा घटनाको अनुसन्धान भैरहेको प्रहरीले जनाएको छ ।

## दुर्गा प्रसाईँलाई थप ५ दिन हिरासतमा राख्न अनुमति



झापा(प्रस) । बीएण्डसी अस्पतालका संचालक दुर्गा प्रसाईँलाई थप ५ दिन हिरासतमा राख्न अदालतले प्रहरीलाई अनुमति दिएको छ । काठमाडौँ जिल्ला अदालतका न्यायाधीश कमला पौडेलले उनलाई थप ५ दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएकी हुन् ।
केन्द्रीय साइबर ब्यूरोले विद्युतीय कारोबार ऐन-२०६३ अनुसारको कसुरमा अनुसन्धान गर्न उनलाई थप १० दिन हिरासतमा राख्न अनुमति मागेको थियो । मंसिर ४ मा भक्तपुरबाट पक्राउ परेका प्रसाईँविरुद्ध कम्तीमा ५ वटा कसुरमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले अनुसन्धान गरिरहेको छ ।
सम्पत्ति शुद्धीकरण, लिखत किर्ते, आपराधिक लाभ र संगठित अपराध मुद्दामा उनलाई अभियोजन गर्ने सरकारी तयारी छ ।
प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध फर्जी कागजात तयार गरेर सामाजिक सञ्जालमा अपलोड गरेको कसुरमा उनीविरुद्ध प्रहरीले लिखत किर्ते सम्बन्धी मुद्दा अगाडि बढाउने भएको छ । प्रधानमन्त्री ओलीले कम्बोडियाको एक टेलिकम कम्पनीमा लगानी गरेको भनेर फर्जी कागजात तयार गरेर सामाजिक सञ्जालमा अपलोड गरेको प्रहरीको प्रारम्भिक अनुसन्धान निष्कर्ष छ । सो कागजात भुवन भुसालले अपलोड गरेका थिए । कम्बोडियामा बस्ने ईश्वर पोखरेल 'सफल'सँग प्रसाईँले भिडियो कुराकानी गर्दै सो कागजात देखाएका थिए । प्रसाईँले अपलोड गरेको नागरिकताको फोटोकपी र प्रधानमन्त्रीको सक्कली नागरिकता मेल नखाएको अनुसन्धानमा संलग्न सीआईबीका अधिकृतहरू बताउँछन् ।
भारतीय गुन्डा नाइके लरेन्स विश्नोईको नाम लिएर नेपाली व्यवसायीलाई धम्की दिएको आरोपमा उनीविरुद्ध ' आपराधिक लाभ लिन नहुने' कसुरमा प्रहरीले अनुसन्धान गरिरहेको छ । धम्की दिनेहरूले प्रसाईँ नेतृत्वको राष्ट्र राष्ट्रियता धर्म संस्कृति नागरिक बचाउ महाअभियानलाई चन्दा माग्ने गरेका छन् । सीआईबीले गरेको प्रारम्भिक अनुसन्धानमा भारतबाट मात्रै १४१ वटा कल आएको भेटिएको छ । त्यसरी फोन गर्नेहरूले भन्छन्, 'म लरेन्स ग्याँङबाट हुँ, दुर्गा प्रसाईँले हिन्दु धर्म जोगाउन लडेको हुनाले उहाँलाई आर्थिक सहयोग गर्नुस् ।' धम्की दिने समूह र दुर्गा प्रसाईंको बिचमा प्रहरीले 'कनेक्सन' खोजिरहेको छ ।
प्रसाईँ नेतृत्वको राष्ट्र राष्ट्रियता धर्म संस्कृति नागरिक बचाउ महाअभियानको बैंक खाता र उनको आफ्नो व्यक्तिगत खातामा पनि शंकास्पद रकम जम्मा भएको अनुसन्धानमा संलग्न अधिकृतहरू बताउँछन् ।
राष्ट्र बैंकको फाइनान्सियल इन्फर्मेसन युनिट (एफआईयु)ले प्रसाईँ र उनका केही आफन्तहरूको खातामा शंकास्पद कारोबार भएको भन्दै अनुसन्धान गर्न प्रहरीलाई पत्राचार गरेको छ । सीआईबीका एसपी होविन्द्र बोगटी भन्छन्, 'राष्ट्र बैंकबाट पत्र आएको छ, हामी त्यसबारे पनि अनुसन्धान गर्दै छौं ।'
प्रसाईँले विभिन्न बैंकबाट ६ अर्ब ऋण लिएको भेटिएको छ । तर, त्यस्तो ऋण सदुपयोग भएको वा नभएको बारेमा पनि प्रहरीले अनुसन्धान थालेको छ । ऋण रकम सदुपयोग नगरेको भेटिएमा राष्ट्र बैंक ऐन पनि आकर्षित हुने एसपी बोगटीले बताए । उनले भने, ' प्रसाईंबारे विभिन्न कोणबाट अनुसन्धान भइरहेको छ ।'
यसअघि असोज ६ मा पनि प्रसाईँलाई प्रहरीले पक्राउ गरेको थियो । साइबर अपराध मुद्दामा त्यसबेला उनी धरौटीमा रिहा भए । करिब दुई महिनाको बिचमा उनी दोस्रो पटक पक्राउ परेका हुन् ।

## मोटरसाइकलको ठक्करबाट तीन विद्यार्थी घाइते



झापा(प्रस) । तीब्र गतिमा आइरहेको मोटरसाइकलको ठक्करबाट शिवसताक्षी नगरपालिकाको झिलझिले माध्यमिक विद्यालयमा अध्ययनरत तीन विद्यार्थी घाइते भएका छन् । आइतवार बिहान अन्दाजी ११बजे शिवसताक्षी -८ स्थित भित्री सडकखण्डमा शितल चोकबाट ढुङ्गेल चोकतर्फ आउँदै गरेको प्र. १-०१-०१७ प २४०८ नम्बरको मोटरसाइकलले आफै अनियन्त्रित भई विद्यार्थीहरुलाई ठक्कर दिएको थियो । घाइते हुनेहरुमा
शिवसताक्षी ८ बस्ने सुमित्रा राईका छोरा अन्दाजी १२ वर्षका जलन राई (बाहिरी चोट नदेखिएको ,छातीमा समस्या भएको, बोल्न सक्ने ,अवस्था मध्यम) सोही ठाउँ बस्ने महेश राईका छोरा अन्दाजी ४ वर्षका योगेश राई (निधारमा चोट, बोल्न सक्ने ,अवस्था सामान्य ) र सोही ठाउँका राजकुमार राईका छोरा अन्दाजी ११ वर्षका रिजन राई (दाहिने हातमा चोट ,अवस्था सामान्य) रहेका छन् । घाइते तीनै जना विद्यार्थीहरुलाई उपचारका लागि बिर्तासिटी अस्पताल बिर्तामोड लगिएको छ । आज बिहान विद्यालय आउने क्रममा झिलझिले माविमा कक्षा ६ मा अध्ययनरत जलन राई, कक्षा ४ मा अध्ययनरत रिजन राई र बाल विकासका योगेश राई मोटरसाइकलले ठक्कर दिँदा घाइते भएका हुन् ।
मोटरसाइकल चालक शिवसताक्षी ८ बस्ने २४ वर्षीय अनिश प्रसाई उपचारमा संलग्न रहेको र मोटरसाइकल इलाका प्रहरी कार्यालय झिलझिलेको नियन्त्रणमा रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।




## रविलाई थप १५ दिन हिरासतमा राख्न अनुमति

झापा(प्रस) ।राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई थप १५ दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको छ ।

कास्की जिल्ला अदालतका न्यायाधीश हिमलाल बेल्बासेले प्रहरीलाई थप १५ दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको हो ।
यसअघि कार्तिक २५ मा उनलाई १३ दिन हिरासतमा राख्न प्रहरीलाई अनुमति दिएको थियो । उनीमाथि पोखराको सूर्यदर्शन सहकारीको रकम गोरखा मिडिया नेटवर्कमा लगेर अपचलन गरेको आरोपमा कास्की प्रहरीले अनुसन्धान गरिरहेको छ ।रवि लामिछानेसँगै पूर्वडीआईजी छविलाल जोशी र लिला पछाईलाई पनि १५ दिन थुनामा राख्न अनुमति दिएको छ । लामिछाने र जोशीविरुद्ध चितवनको सहारा बचतको रकम अपचलन आरोपमा चितवन जिल्ला अदालतबाट पनि पक्राउ पुर्जी जारी भएको छ ।

## सम्पादकीय

# खोई सिंचाइ सुविधा ?

कृषि क्षेत्रको विकास र कृषि उत्पादकत्व वृद्धिका लागि भरपर्दो र दिगो सिँचाइ सुविधाको विस्तार प्रमुख आधारमध्ये एक हो। कृषि र सिँचाइ एक–अर्काका परिपूरक हुन्। दिगो सिँचाइविना कृषि क्षेत्रको विकास सम्भव छैन। कृषि क्षेत्रलाई जीवन्त र चलायमान बनाइराख्न सिँचाइ क्षेत्रको विकासलाई पनि सँगसँगै बढाउन जरुरी हुन्छ। तर, कृषि छोडेर अन्य पेशातर्फ आकर्षण, गाउँघरका युवाको विदेश पलायन, बढ्दो विपद्जन्य घटना, किसानले भोगिरहेका समस्या र राज्यको कमजोर नीतिगत र कार्यान्वयन व्यवस्था आदिले कृषि क्षेत्रको विकासमा चुनौती थपिरहेका छन्।

देशका करीब ६० प्रतिशत किसानलाई आफूले गरेको वार्षिक उत्पादन उपभोगका लागि समेत पुग्दैन। यस्तो निर्वाहमुखी कृषिलाई व्यवसायीकरण गर्नु चुनौतीपूर्ण छ। प्रतिघरधुरी औसत ०.६८ हेक्टर मात्रै जमिनको उपलब्धताले यस स्थितिलाई थप जटिल बनाएको छ। कैयौं गाउँहरू खानेपानीकै समस्याले आक्रान्त भएको वर्तमान अवस्थामा सिँचाइ सुविधा विकास र विस्तार झन् चुनौतीपूर्ण देखिन्छ। यो स्थितिमा प्रकृति र भूगोल सुहाउँदो भू–उपयोग, जलवायु अनुकूल खेतीपाती, जल तथा जलाधार व्यवस्थापन कार्य, विपद् जोखिम व्यवस्थापन लगायतका कार्यलाई प्राथमिकतासहित कार्यान्वयन गरिनुपर्छ।सिँचाइको दिगो विकासले कृषि क्षेत्रमा कुन हदसम्म प्रभाव पार्नसक्छ भन्ने उदाहरण चीनबाट लिन सकिन्छ। विश्वको कुल जनसंख्याको १८ प्रतिशतभन्दा बढी जनसंख्या भएको चीनमा खेतीयोग्य जमिन भने विश्वको १० प्रतिशतभन्दा कम मात्र उपलब्ध छ। विगत ६० वर्षमा जनसंख्या करीब ३ गुणा (५० करोडबाट एक अर्ब तीस करोडभन्दा बढी)ले बढ्दा चीनले खाद्य उत्पादन पाँच गुणाले बढाउन सफलता पायो। नेपालमा सिँचाइयोग्य भूमि करीब २६ लाख हेक्टर छ। सिँचाइ गुरुयोजना १९९० लागू हुँदादेखि २०१९ को गुरुयोजनासम्म आइपुग्दा सिञ्चित क्षेत्र ९ लाख हेक्टरबाट १४ लाख हेक्टर पुगेको छ। यस अवधिमा जनसंख्या एक करोड ९० लाखबाट तीन करोड नाघिसकेको छ। खाद्य व्यापार घाटा झन् बढ्यो। यस्तो परिस्थितिमा हाम्रा रणनीतिले तोके अनुसारको लक्ष्य हासिल गर्न कति सक्ला? उही परम्परागत ढाँचा, अस्थिर संस्थागत संरचना, कार्यान्वयन विधिबाट सिँचाइ क्षेत्रको कायापलट सम्भव देखिँदैन। सिँचाइका हाम्रा जनशक्ति दक्ष र अनुभवी हुँदाहुँदै पनि प्रशासकीय झमेलाका कारण त्यो दक्षता र ज्ञानको प्रभावकारी र पूर्ण रूपमा प्रयोग हुन सकिरहेको छैन। संस्था त्यतिवेला मात्र सबल र प्रभावकारी हुन्छ, जब त्यहाँका जनशक्तिले उत्साहित भई काम गर्ने वातावरण पाउँछन्, अन्योलपूर्ण परिस्थितिमा शतप्रतिशत क्षमता देखाउन सकिँदैन। तसर्थ जनशक्तिको वृत्तिविकास, प्रोत्साहनको पाटोलाई पनि संस्थागत विकासको केन्द्रमा राख्न जरुरी छ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# युवा पलायन रोक्न रोजगारी



• श्याम श्रेष्ठ

नेपाल अनेकौं प्राकृतिक स्रोत र सम्पदाले सम्पन्न हुनुका साथै उन्नत सामाजिक, सांस्कृतिक, धार्मिक सभ्यता र संस्कारले सुसंस्कृत देश हो । क्षेत्रफलको आधारमा सानो भए तापनि यही सानो क्षेत्रमा पनि प्राकृतिक वरदानको रूपमा अनेकौं विविधता पाउँछौं । यहाँ ढुङ्गा छोए सुन, माटो छोए अन्न, झार छोए सञ्जीवनी जडीबुटी, पानी छोए तेल हुन्छ भन्ने कथन छ । यस्तो स्वर्ग जस्तो सुन्दर देश छोडेर लाखौं नेपाली युवा विदेशको भूमिमा छन् । के यिनीहरू रहरले गएका हुन ? आफूलाई जन्म दिने बुबाआमा, परिवार, साथीहरू र जन्मभूमि छोडेर रहरले होइन आँसु पिएर करले युवा विदेश पलायन हुनुपर्ने बाध्यता छ । हाम्रो देशले २०५०/५१ देखि वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति जारी गरेको हो । यो ३० वर्षको अवधिमा २०८०/८१ को सर्वेक्षण प्रतिवेदन अनुसार २०८० फागुनसम्म वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने कामदारको संख्या ५९ लाख ६९हजार पुगेको छ ।

**युवा बिदेसिनुका प्रमुख कारण :**

रोजगारी : प्रतिवर्ष बढ्दै गएको बेरोजगारीको तथ्याङ्क अनुसार देशमा बर्सेनि पाँच लाख नयाँ युवा जनशक्ति रोजगारयोग्य शक्तिको रूपमा रूपान्तरण भइरहेको पाउँछौं तर देशभित्र हरेक वर्ष करिब २० हजार युवाले मात्र रोजगारको अवसर प्राप्त हुने केन्द्रीय तथ्याङ्क विभागले सर्वेक्षण गरेको सरकारी अभिलेख छ । देशमा नयाँ उद्योग कलकारखानाहरू स्थापना हुने वातावरण नभएको, भएका अधिकांश उद्योग कलकारखाना पनि बन्द हुँदै जानुको कारण स्वदेशभित्र युवाले रोजगारको अवसर प्राप्त गर्न सकिरहेका छैनन् । २०८०/८१ मा प्रकाशित एक प्रतिवेदन अनुसार दैनिक विदेश जाने युवाको संख्या दुई हजार एक सय पुगेको छ । वैदेशिक रोजगारका लागि ११० देशसँग द्विपक्षीय सम्झौता भए तापनि व्यक्तिगत श्रम स्वीकृतिमा १७२ देशमा नेपाली गएका अभिलेख छ ।

शिक्षा आर्जन : आज देशमा एकातिर गुणस्तरीय शिक्षाको कमी छ । शैक्षिक संस्थाहरूमा राजनीतिक खिचातानी र हस्तक्षेपका कारण शैक्षिक संस्थाहरूको शैक्षिक क्रियाकलाप र व्यवस्थापन अस्तव्यस्त रहेको छ । अर्कोतर्फ चाहेको विषयको देशभित्र अध्यापन नहुँदा पनि युवा अध्ययनका लागि बाहिरिरहेका छन् । आर्थिक वर्ष २०७५/७६ देखि आव २०८०/८१ को अन्त्यसम्ममा चार लाख ६४ हजार ७७७ जना विद्यार्थी अध्ययनका लागि बिदेसिएका सरकारको तथ्याङ्क छ ।

आकर्षक आय आर्जन नहुनु : देशभित्र रोजगारीबाट प्राप्त गर्ने आय सामान्य जीवनयापनका लागि पनि धौधौ हुने गरेको छ । जीवनयापनका लागि आम्दानी पर्याप्त नभएकै कारण युवा बिदेसिनुपर्ने बाध्यता छ ।

विकसित देश हेर्न लालायित : देशबाट युवा चाहे अध्ययनका लागि होस्, चाहे रोजगारीको लागि होस् बिदेसिनुको विभिन्न कारणमध्ये एक विदेश हेर्न लालायित हुनु पनि हो ।

सामाजिक संस्कार : आज जो युवा स्वदेशमा बस्दछ, उसले प्रगति गर्न सक्दैन । प्रगतिको लागि विदेश नै जानु पर्छ भन्ने मान्यता बढेर गएको छ । आज यो मान्यता बिस्तारै एउटा सामाजिक संस्कारको रूपमा विकास भएको पाउँछौ ।

गरिबी र भविष्य सुनिश्चित बनाउन : नेपाल दक्षिण एसियामा विश्व बैङ्कको पछिल्लो प्रतिवेदन अनुसार तेस्रो गरिब मुलुकमा पर्छ, तर नेपालमा गएको भूकम्प, कोरोनाको कारण देशमा देखिएको अर्थतन्त्रमा आएको मन्दीले गरिबी छ । दयनीय अवस्थाबाट मुक्ति पाउन र भविष्य सुनिश्चितताका लागि युवा बिदेसिरहेका छन् ।

वैदेशिक परामर्श संस्थाहरू : युवा बिदेसिनुको विभिन्न कारणमध्ये म्यान पावर कम्पनीहरूले सत्य तथ्यभन्दा पनि आकर्षक ढङ्गले विज्ञापनको प्रभावमा पारेर युवालाई बिदेसिन आकर्षित गरेका छन् । नेपालमा करिब सत्र सयको हाराहारीमा रहेको वैदेशिक रोजगारी कम्पनीहरूले वैध तथा अवैध ढङ्गले युवालाई विदेश लिएर जाने गरेका छन् ।

डिभी चिट्ठा : अमेरिकाले गरिब देशहरूका लागि सञ्चालन गरेको डिभी योजनाले पनि धेरै युवा देशबाट पलायन भइरहेका छन् । नेपालमा सन् २००० देखि यो कार्यक्रमका लागि आवेदन दिने प्रक्रिया सुरु भएको हो । अमेरिकाको राज्य विभागको प्रतिवेदन अनुसार नेपालबाट डिभीमार्फत अमेरिका जाने संख्या सामान्यतया वार्षिक २००० देखि ५००० बिचको हुने गरेको छ ।

**समस्या :**

कृषि क्षेत्र प्रभावित : हाम्रो देश एक कृषिप्रधान देश हो भन्ने भनाइ केवल किंवदन्ती बनेको छ । आव २०७०/७१ मा कुल गार्हस्थ उत्पादन कृषि क्षेत्रको योगदान ३०.३ प्रतिशत रहेकोमा उत्पादन घटेर कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २३.९५ प्रतिशत मात्र उत्पादन गर्न सकेको हाम्रो तथ्याङ्कले देखाउँछ । यसरी कृषि क्षेत्रमा उत्पादनमा ह्रास आउनुको प्रमुख कारण युवा बिदेसिनुको कारण हो ।

कलेज तथा विश्वविद्यालयहरू बन्द हुने अवस्था : युवा अध्ययन र रोजगारीका लागि बिदेसिएका कारण कलेज र विश्वविद्यालयहरू क्रमशः बन्द हुँदै जाने सम्भावना बढेर गएको छ ।

दक्ष जनशक्ति : सामान्य लेखपढ गर्न जान्ने युवा मात्र बिदेसिरहेको अवस्था छैन, उच्च शिक्षा हासिल गरेका शैक्षिक जनशक्तिको समेत भिड देख्न सकिन्छ । एसइई गरेका युवा १५ लाखभन्दा माथि, उच्च मावी वा सो सरह उत्तीर्ण भएका चार लाखभन्दा बढी, स्नातक गरेका चार लाखभन्दा बढी र स्नातकोत्तर गरेका ७४ हजारभन्दा बढी हाम्रो शैक्षिक जनशक्ति आज वैदेशिक रोजगारीमा लागेका छन् ।

छिमेकी मुलुकबाट जनशक्ति आपूर्ति : प्रत्यक्ष रूपमा देशभित्र व्यापार, निर्माण, कृषि आदि पेसा तथा व्यवसायमा रिक्तता भएको स्थानमा छिमेकी मुलुकबाट भित्रिएका जनशक्तिले अवसर प्राप्त गरिरहेको छ । जसका कारण व्यापार व्यवसायमा अस्वस्थ प्रतिस्पर्धा, कम गुणस्तरीय वस्तु, अप्राकृतिक महँगी जस्तो अनेकन समस्या उपभोक्ताले झेल्नु परिरहेको छ ।

स्वदेशी पुँजी बाहिरिने : छिमेकी मुलुकहरूबाट भित्रिएको जनशक्तिले विभिन्न किसिमको व्यापार, कृषि, निर्माण आदि पेसा तथा व्यवसायमा संलग्न पाउँछौं । तिनीहरूले यसरी व्यवसाय अर्थात् पेसा गरी आय आर्जन गरेको धनसमेत विदेश गइरहेका छन् ।

जनसंख्या वृद्धि दर घट्दो : विदेश जाने युवा विदेशमा नै स्थायी रूपले बसोबास गर्ने क्रम बढिरहेको छ । युवा लर्को लागेर विदेश गएका कारण साबिक रहेको जनसंख्या तथ्याङ्कमा ठुलो ह्रास आएको अवस्था छ ।

**समाधानका उपाय**

कृषि क्षेत्रको सुधार : देशमा पर्याप्त रोजगारी सिर्जना गर्न सक्ने कृषि क्षेत्र प्रमुख हो । कृषि पेसामा असीमित अवसर र अपार सम्भावना रहेको छ । अतः यस पेसामा आय वृद्धि गर्न कृषि पेसालाई आधुनिकीकरण गर्दै प्रविधिकरण, व्यावसायीकरण र विश्वव्यापीकरण गर्न आवश्यक छ । देशलाई हरित कृषि क्रान्तिको माध्यमबाट देशले गुमाएको कृषिप्रधान देशको पगरीलाई पुनः स्थापित गर्न जरुरी छ ।

रोजगारी वृद्धि : दिन प्रतिदिन वैदेशिक रोजगारमा कहालीलाग्दो रूपमा वृद्धि भइरहेको अवस्थालाई न्यूनीकरण गर्न लक्षित वर्ग र लक्षित स्थानमा पर्याप्त रूपमा रोजगारको सिर्जना गर्नु पर्छ । कृषि, उद्योग, व्यापार, पर्यटन, जल विद्युत्, जडीबुटी, खानी आदि यस्ता अनेकौं हाम्रा प्रचुर सम्भावनाका क्षेत्र हुन् । यी क्षेत्रहरूको प्रवर्धन तथा विस्तार गर्न जरुरी छ ।

शिक्षा क्षेत्रको सुधार : बाहिरिरहेका विद्यार्थीलाई रोक्न विद्यालयदेखि नै शिक्षालाई जीवनयापनका लागि प्रयोगात्मक अर्थात् व्यावहारिकतावादी बनाउन आवश्यक छ । न्यूनतम कलेज स्तरदेखि विश्वविद्यालयसम्मको शिक्षालाई आयसँग जोड्न आवश्यक छ ।

राजनीतिक ऐक्यबद्धता : राजनीतिक अस्थिरता र देशमा व्याप्त कुशासन र भ्रष्टाचारको कारण स्वदेशभित्र केही हुन सक्दैन भन्ने चरम निराशालाई आशावादी बनाउन राजनीतिक स्थिरता र सुशासन कायम गर्न राजनीतिक दलहरूले सामूहिक ऐक्यबद्धताका साथ लाग्नु पर्छ ।

नीतिमा पुनर्विचार : युवा वर्गलाई रोजगारीको नाममा होस् वा अध्ययनको बहानामा होस् युवालाई विदेश पठाउने नीति योजना नै युवा बिदेसिनुको प्रमुख कारण हो । अत स्वदेशभित्र नै अध्ययन र रोजगारको पर्याप्त अवसरको सुनिश्चितता गरेर विशेष परि स्थितिबाहेक युवालाई विदेश पठाउने कार्यमा सरकारले कडा नीति अवलम्बन गर्नु पर्छ ।

अस्थायी प्रवेश भिसा : हाम्रो देश विश्वका विशाल जनसंख्या भएको चीन र भारत दुई देशबिचको एउटा सानो देश हो । यदि नेपालबाट शतप्रतिशत जनता यी दुवै देशमा जाने हो भने दुवै देशको भूमिमा रहेको ससानो दुलोमा तिनीहरू लोप हुन्छन्  तर दुवै देशबाट एक प्रतिशत जनता मात्र नेपालमा भित्रिने हो भने करिब करिब हाम्रो कुल जनसंख्याभन्दा बढी जनता भित्रिने छ । अतः हाम्रो देश नेपालले त्यो अकल्पनीय समस्या समाधानको निमित्त अस्थायी प्रवेश भिसाको व्यवस्था गर्न अत्यावश्यक छ ।

हामीले देश विकासका लागि विभिन्न योजना बनायौं तर पनि आशातीत सफलता प्राप्त हुन सकेको छैन । यसो भन्दैमा फेरि हामी निरास भई हाल्नु पर्ने अवस्था छैन । किनभने धेरै लामो समय हाम्रो संस्कार, व्यवहार आचरण, नैतिकता, मानसिकता हाम्रो विकृत राजनीति र विकृत परिवेशद्वारा सुसूचित, निर्देशित, प्रशिक्षित भएको कारण हामीले गर्ने व्यवहारमा परिवर्तन आउन केही समय लाग्छ नै तर आज देशमा लोकतान्त्रिक गणतन्त्र व्यवस्था स्थापना भएको पनि १७ वर्ष भइसकेको छ ।

तथापि हामी आजसम्म लोकतान्त्रिक व्यवस्थाको मूल्यमान्यता अनुसार रूपान्तरित हुन सकेका छैनौं । अतः हामीले देशलाई एउटा समृद्ध र विकसित देशको रूपमा रूपान्तरण गर्ने हो, हामी सबैले लोकतान्त्रिक मूल्य मान्यता अनुसार आचरण र व्यवहारमा रूपान्तरण हुन अपरिहार्य छ ।

# अस्वस्थकर खानाले समस्या



• डा. नरनाथ पाण्डे

पहिला जस्तो जमाना अब रहेन । हामीले कुनै पनि स्वास्थ्य र रोगसम्बन्धी अर्थात् जीवनमा आइपर्ने समस्याका कारण र समाधानका उपायसमेत आवश्यक परे क्षणभरमै पढ्न र सुन्न पाउँछौं । सूचना प्रविधिको यो युगमा अब हामीलाई कुनै पनि विषयमा जानकारी नभएको भन्न पाउने छुट छैन । हामीले यस्ता प्रविधिको प्रयोग के कसरी गरिरहेका छौं, त्यो ज्ञानबर्धक हो होइन र त्यो सामग्री हेर्दा वा सुन्दा हामीले नयाँ कुरा पायौं कि पाएनौं र त्यो नयाँ जानकारी अनुसार व्यवहारमा परिवर्तन गर्न सक्यौं कि सकेनौं भन्ने महत्वपूर्ण हो । अचेल भन्ने गरिन्छ कि व्यक्ति कुनै पनि सूचनाबाट वञ्चित छैन, उसले आफ्नो स्वास्थ्यका लागि सबै जानकारी पाएको छ । उसले त्यो व्यवहारमा अपनाउँदैन भने त्यो सूचनाको उसले सदुपयोग गर्ने धारणामा परिवर्तन नआएको हो, त्यस कारण धारणामा परिवर्तन ल्याउन सके मात्र व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ । अहिलेको सूचना र शिक्षाले धारणामा परिवर्तन ल्याएर व्यवहारमा परिवर्तन गराउने हुनु पर्छ भन्ने विज्ञहरूको मत छ ।

हामीले जताततै र विभिन्न अवसरमा विभिन्न माध्यमबाट सुन्दै आएको विषयवस्तु हो, 'आफ्नो स्वास्थ्य स्वस्थ बनाउन हानिकारक खाद्यपदार्थ नखाऔं र त्यस्ता खराब खानेकुरा खाएर रोग ननिम्त्याऔं ।' यस्ता अर्ती उपदेशयुक्त भनाइ एउटा कानले सुन्ने र अर्कोले उडाउने गरिन्छ किनकि यस्ता कुरा सुन्दा सुन्दा हामीलाई वाक्कदिक्क लागिसकेको छ । अब त सुन्नै नसक्ने अवस्थामा पुगिसकिएको छ । अहिले हाम्रो जिब्रो अनावश्यक पत्रु खाना र मासुजन्य पदार्थ सेवनका कारण फरक बन्दै गएको छ ।

जिब्रोले प्राकृतिक खाना कस्तो हुन्छ भनेर स्वाद थाहा पाउन नसक्ने अवस्थामा पुगेको छ । यस्तो हुनुका पछाडि हामी आफैं जिम्मेवार छौं । एक त हामी आफैंलाई यस्ता खाना मन पर्छ, जन्म दिन मनाउन, चाडपर्व मनाउन अपरिहार्य मानिएको छ, यस्ता खाना पाउन सजिलो छ, बनाउनु परेन, झन्झट भएन भने अर्कातर्फ हामीले हाम्रा बच्चालाई फकाउन, फुलाउन, पढाउन, काम गराउन, खुसी बनाउन पऱ्यो भने यस्तै पत्रु तथा मासुजन्य पदार्थ दिँदा बच्चा पनि खुसी र दिने व्यक्ति पनि आनन्दित हुने संस्कृतिको विकास गरिरहेका छौं । त्यस कारण यो समस्याबाट अब फुत्किन अप्ठेरो छ, किनकि अब हामीले हाम्रै र बच्चाको शरीरलाई त्यस्ता खाना खाने बानी बसालिसकेका छौं । के अब हामी त्यस्ता बानीबाट बाहिर निस्कन खोजिरहेका छौं ? त्यस्तो विचार आएको भए मात्र यो आलेखले प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ । यस आलेखमा राखिएका स्वास्थ्य बचाउन त्यस्ता खाना किन परित्याग गर्न आवश्यक छ भन्ने सन्देशलाई गम्भीरतापूर्वक अध्ययन गर्न जरुरी छ । अब हामी मांसाहार, पत्रु खाना र ती खानाले स्वास्थ्यमा पार्ने सकारात्मक तथा नकारात्मक असरबारे केही छलफल गरौं ।

मासुजन्य खाद्यपदार्थ खान छाड्नाले शरीरमा इन्फ्लामेसन (सुजन) कम हुन्छ किनकि मासुमा उच्च स्याचुरेटेड चिल्लो हुन्छ, जसले सुजन गराउँछ र यसबाट क्यान्सर तथा अन्य रोगको समेत डर हुन्छ । मासु वा पत्रु खानाले पेटका लाभदायक संरचना र लाभदायक जीवाणु नष्ट हुने गर्छन्, जसले पेटका दीर्घकालीन समस्या निम्त्याउँछ तर यस्ता खाना नखाँदा यस्तो गडबडी केही नहुने हुँदा पेटको स्वास्थ्य राम्रो हुन्छ । मासु छाड्नाले पाचनप्रणाली तथा प्याङ्क्रियाज स्वस्थ भई वंशाणुगत गुणबाट नभई पछिबाट देखिने दोस्रो टाइपको सुगर रोगको सम्भावना पनि कम हुन्छ ।

मासु तथा पत्रु खाना नखाँदा कोलेस्टोरलको मात्रा सन्तुलन हुन्छ किनकि यसमा पाइने स्याचुरेटेड चिल्लोले खराब कोलेस्टोरलले बढाउने हुँदा यस्ता खानाको सेवन नगर्दा त्यस्तो चिल्लो नखाइने हुँदा रगतमा खराब कोलेस्टोरलको मात्रा कम हुन थाल्छ । यस्ता खाना नखाँदा पैसाको पनि बचत हुन्छ किनकि शाकाहारी भोजनमा जति मांसाहारी र पत्रु भोजनमा खर्च हुँदैन र पैसाको पनि बचत भई अन्य काममा खर्च गर्न सकिन्छ । मासुजन्य र पत्रु खाना नखाएमा वातावरण पनि संरक्षण हुन्छ । मासुजन्य र पत्रु खाना जस्ता पदार्थले ग्रिनहाउस प्रभाव पार्ने र कार्बन उत्सर्जन गर्ने भएकाले यस्ता खानाका सट्टा वनस्पतिजन्य खाद्यान्नको प्रयोग गर्दा वातावरणमा पनि सकारात्मक प्रभाव पर्छ ।

मांसाहार र पत्रु खाना त्याग गर्दा तौल कम हुन सक्छ किनकि यस्ता खानामा पाइने अनावश्यक चिल्लो पदार्थ, नुन, हानिकारक मसला वा थप चिनीको मात्रा नखाइने भएकाले बिस्तारै शरीरको तौल कम हुन थाल्छ । मासु सेवन गर्न छाडेर शाकाहारी भोजन गर्दा फलफूल वा तरकारीमा पाइने फाइबर तथा पानीका कारण दिसा पिसाब पनि राम्रोसँग खुलेर आउँछ । बढी मात्रामा पत्रु खाना र पेय पदार्थमा कार्बोहाइड्रेट पाइने र यी जिरो फाइबरयुक्त हुन्छन् । जब पाचन प्रणालीले यस्ता खानालाई टुक्र्याउन थाल्छन् र त्यसबाट ग्लुकोज उत्पन्न भई रगतमा जान्छ र रगतमा यसको मात्रा उच्च हुन्छ । सामान्यतया रगतमा ग्लुकोजको मात्रा बढेपछि प्याङ्क्रियाजबाट निस्कने इन्सुलिनले पाचन गराई शरीरका सबै कोषमा पुऱ्याउन सहयोग गर्छ तर यस्ता खाना नियमित वा धेरै पटक खानाले इन्सुलिनले पर्याप्त काम गर्न नसकी मोटोपन बढ्ने, सास फेर्न समस्या हुने, दम रोग उत्पन्न हुने र दोस्रो प्रकारको सुगर रोग लाग्न सक्छ ।

यस्ता खानामा पाइने सुगर तथा चिल्लोले बढी क्यालोरी दिने तर कम पोषण तत्व पाइने भएकाले शरीरलाई हानि गर्छ । खराब चिल्लोका कारण कोलेस्टोरल बढेर मुटुलाई असर गर्न सक्छ । यस्ता खानामा सोडियम वा नुनको मात्रा पनि अत्यधिक हुन्छ, जसका कारण पानी शरीरमा रहिरहने र पिसाबबाट जान नसक्ने भएकोले सुन्निने, रक्तचाप बढ्ने र पेटमा बढी वायु जम्मा हुने समस्या हुन सक्छ । यस्ता खानाले छालामा विकृति आउने, डन्डीफोर आउने, एक्जिमा तथा छालाका एलर्जीसमेत आउँछन् । सुगर र कार्बोहाइड्रेटका कारण मुखमा अम्ल उत्पन्न भई दाँत खराब हुने, दाँतमा किरा लाग्ने, हाडको घनत्व घटी भाँचिने वा हाडका समस्यासमेत देखिन सक्छन् । बच्चा अवस्थामा यस्ता खाना खानाले मोटोपनको समस्या आउने र अन्य स्वास्थ्य समस्यासमेत देखिन्छन् ।

अन्त्यमा यस्ता खानाले केही अवधिका लागि भोक तृप्त हुन सक्छ, खाँदा स्वादिलो हुने, आनन्द आउने हुन सक्छ तर पछि पेटमा समस्या देखिन थाल्छ । वनस्पतिजन्य खाद्यान्नले लाभदायक जीवाणुको वृद्धि विकास हुन्छ, पाचन प्रणाली मजबुत हुन्छ जसले गर्दा पेटको स्वास्थ्य पनि राम्रो हुन्छ । मासु खाइरहने व्यक्तिले एक्कासि खान छाडेमा निकै कमजोर महसुस हुन सक्छ किनकि नियमित आपूर्ति भइरहने प्रोटिन, आइरन र अन्य त□वको एक्कासि कमी भएमा शक्ति क्षय हुन्छ तर बिस्तारै शरीरले सञ्चित शक्तिबाट आपूर्ति गर्न थाल्छ र केही समयमै क्षतिपूर्ति हुन्छ । त्यस कारण मासु छाडेपछि हरिया सागपात, फलफूल, नट्स, बिन आदि खानु पर्छ, जसले शरीरको अवस्था छिटो यथावत् बनाउँछ ।

यसै गरी मासु नखाँदा अन्य थप तत्वको आवश्यकता पर्न सक्छ । जस्तै भिटामिन बी १२ जस्तो तत्व वनस्पतिजन्य खाद्य पदार्थमा पाउन सकिँदैन तर खाद्य पदार्थलाई मिसाएर खाएमा यस्ता सबै तत्व आपूर्ति हुन्छन् । यसका लागि दाल, भात, हरियो तरकारी, अचार र केही दुग्धजन्य पदार्थ सँगसँगै मिलाएर खानु आवश्यक हुन्छ । हामीले स्वास्थ्य राम्रो बनाउनु छ र दीर्घजीवन बाँच्नु छ भने खानपान पहिलो प्राथमिकता हो । व्यक्तिले जस्तो खाना खान्छ उस्तै मन बन्छ । त्यस कारण खाना र मस्तिष्कबिचको बलियो सम्बन्ध रहेको पुष्टि गर्न सकिन्छ । पाचनप्रणाली हाम्रो शरीरको दोस्रो मस्तिष्क पनि हो । त्यसैले पनि हामीले मासुजन्य तथा जङ्कफुड जस्ता खाना खानुअघि १० पटक सोच्न जरुरी छ । त्यो खाना हामीले किन खाँदैछौं ? केवल जिब्रोको स्वादका लागि, पौष्टिक तत्व प्राप्त गर्नका लागि, शरीर बनाउन वा पेट बिगार्न, शरीर बिगार्न, मन मस्तिष्क बिगार्न, पैसा नोक्सान गर्न, शरीरलाई छिटै रोगको घर बनाउन वा केका लागि ?

